सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

सोरु गाउँपालिका द्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १७ मितिः २०८०/०२/०७

## भाग-२

सोरु गाउँपालिकाको

**"सोरु गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, वालविकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, २०८०"**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा सोरु गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ बमोजिम सोरु गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी सर्वसाधरणको जानकारीको लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावना:** सोरु गाउँपालिका अर्न्तगत विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बालविकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको नियुक्ति प्रकृयालई व्यवस्थित गर्न वन्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा सोरु गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ बमोजिम सोरु गाउँ कार्यपलिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम "सोरु गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बालविकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, २०८०" रहेको छ।

२. यो कार्यविधि सोरु गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात तुरुन्त लागु हुनेछ।

## परिच्छेद २

## परिभाषा

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) गाउँपालिका भन्नाले सोरु गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) कार्यलय भन्नाले सोरु गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ग) शिक्षा शाखा भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

घ) विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृत प्राप्त सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रलाई समेत सम्झनु पर्दछ।

ङ) शिक्षक सेवा आयोग भन्नाले संघिय कानुन अनुसार गठित शिक्षा सेवा आयोग सम्झनु पर्छ। यो शव्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा आयोगलाई समेत जनाउने छ।

च) शिक्षा समिति भन्नाले सोरु गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्दछ।

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले सोरु गाउँपालिकाको प्रशासकिय प्रमुखका रुपमा कार्य गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ।

ज) शिक्षा अधिकृत भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद विकास शाखाको शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद ३

## विद्यालय सहायक कर्मचारी, बालबिकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी विज्ञापन सम्वन्धी व्यवस्था

क) विद्यालयले विद्यालय सहायक कर्मचारी, बालविकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको पद रिक्त भई पदपुर्ति गर्नको लागि रिक्त भएको विवरण खुल्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखामा विज्ञापनको अनुमतिको लागि कार्यालय मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नु पर्नेछ।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

ख) विद्यालयले विज्ञापनको अनुमति प्राप्त गरे पछि रिक्त पदमा पदपुर्ति गर्नको लागि कम्तीमा १५ दिनको सार्वजनिक सुचना तयार गरी विद्यालय रहेको सम्वन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यलयको सुचना पाटीमा टाँस गरी सोको मुचुल्का समेत गराउनु पर्ने छ । साथै त्यस्तो सुचना सोरु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाईटमा राख्ने वा दैनिक प्रकाशीत हुने कुनै एक पत्रिकामा राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

ग) विद्यालयले विज्ञापन गर्दा विज्ञापन नम्वर, उमेदवारको उमेर हद, न्युनतम शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण पत्र, आवश्यक कागजात, दरखास्त दस्तुर, सेवा सुविधा, दरखास्त दिने मिति, सम्पर्क मिति, शिक्ष ऐन, नियमावली बमोजिम कुनै अयोग्य नरहेको, सम्पर्क ठेगान लागाएत उमेदवारको आवश्यक पर्ने विवरण माग गरी विज्ञापन गर्नु पर्नेछ ।

घ) विद्यालयले निंधारण गरेको समय सम्म उमेदवारवाट प्राप्त हुन आएको निवेदन, विज्ञापनमा उल्लेख भए बमोजिमका कागजात प्राप्त भए नभएको यकिन गरी रितपुर्वक प्राप्त भएका निवेदन मात्र विद्यालयमा दर्ता गरी राख्नु पर्नेछ ।

## परिच्छेद ४

## विद्यालय सहायक कर्मचारी, बालविकास सहज कर्ता तथा विद्यालय सहायोगी कर्मचारी छनौट समिति

४. विद्यालयमा रिक्त भएका विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरुको पदपुर्ति गर्न सिफारिसका लागि देहाएका शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी- सदस्य

ग) बालविकास सहज कर्ता तथा विद्यालय सहयोगी कर्मचारी छनौटको लागि कार्यालयमा प्राथमिक, निम्न माध्यमिक तहको विषय विशेषज्ञको रुपमा सुचिकृत भएका विषय विशेषज्ञ मध्यवाट शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुखले छनोट गरेको २ जना - सदस्य

घ) विद्यालय सहायक कर्मचारी छनौटको लागि कार्यालयमा निम्न माध्यमिक तथा माध्यमीक तहको गणित, लेखा, अर्थशास्त्र र विज्ञान विषयको लागि विषय विशेषज्ञको रुपमा सुचिकृत भएका विशेषज्ञ मध्यवाट छनोट गरेको २ जना - सदस्य

ङ) सम्वन्धित विद्यालयको प्रधानध्यापक वा सामुदायिक बालविकास केन्द्रको सहजकर्ता नियूक्तीको हकमा शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुखले तोकेको शाखाको कर्मचारी - सदस्य सचिव

## परिच्छेद ५

## परीक्षाको पाठ्यक्रम

क) विद्यालयमा रीक्त हुने विद्यालय सहयोगी कर्मचारीहरुको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसुचि १ बमोजिम हुनेछ ।

ख) विद्यालयमा रिक्त हुने बाल विकास सहज कर्ताहरुको लागि लिईने परिक्षाको पाठ्यक्रम अनुसुचि २ बमोजिम हुनेछ ।

ग) विद्यालयमा रीक्त हुने विद्यालय सहायक कर्मचारीहरुको लागि लिइने परिक्षाको पाठ्यक्रम अनुसुचि ३ बमोजिम हुनेछ ।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

गाउँपालिका
कार्यपालिकाको कार्यालय
मुगु
कर्णाली प्रदेश, नेपाल

## परिच्छेद ६

## शैक्षिक योग्यता

क) विद्यालय सहयोगी कर्मचारीहरुका लागि कक्षा ८ पास गरेको र बाल विकास सहजकर्ताको न्युनतम शैक्षिक योग्यता न्युनतम तथा एस.एल.सी वा एस.इ.इ उत्तिर्ण वा सो सरह हुनेछ ।

ख) विद्यालय सहायक कर्मचारीहरुको लागि न्युनतम शैक्षिक योग्यता शिक्षा, व्यवस्थापन, मानवशास्त्र तथा विज्ञान सङ्काय अर्न्तगतका जुन सुकै विषयमा १२ कक्षा उत्तिर्ण वा सो सरह हुनेछ ।

## परिच्छेद ७

## आचार संहिता र प्रशन पत्र निर्माण प्रकृया

क) परीक्षार्थीहरुले परिक्षा अवधिभर मोवाईल फोन स्विच अफ गरी मोवाईल साथमा राख्न पाउने छैनन । विषय विज्ञले विद्यालय सहयोगी कर्मचारी छनौटको लागि तोकिए अनुसारको पाठ्यक्रमको अधिनमा रहेर परिक्षा सञ्चालन हुने दिन प्रशन पत्र निर्माण गर्नु पर्नेछ ।

ख) तोकिएको पाठ्यक्रमका आधारमा बस्तुगत परीक्षाको उत्तर पुस्तीका छुट्टा छुट्टै हुनेछ । विषयगत परिक्षाको उत्तर पुस्तीकाको अनिवार्य रुपमा कोडिङ गरी सके पछि जाँच्नको लागि विषय विज्ञलाई उत्तर पुस्तीका प्रदान गर्नु पर्नेछ ।

ग) परिक्षा सञ्चालनको क्रममा विषय विशेषज्ञले परीक्षहल भित्र प्रवेश गर्न पाईने छैन ।

## परिच्छेद ८

## बाझिएमा अमान्य हुने

यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधीको व्यवस्था हुनेछ ।

## परिच्छेद ९

## विविध

**क) कार्यविधिको व्याख्या:** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्ने छ । साथै यस कार्यविधिमा उल्लेख भएको व्यवस्था यसै बमोजिम छ र उल्लेख नभएको व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**ख) कार्यविधि संशोधन:** यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशेधन गर्न सक्नेछ ।

## अनुसुचि १

परीच्छेद ५ दफा १ सँग सम्वन्धित

विद्यालयमा रीक्त हुने विद्यालय सहयोगी कर्मचारीको नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम:

लिखित परीक्षाको योजना

| विषय क्षेत्र | पुर्णाङ्क | प्रशन संख्या | उत्तीर्णाङ्क | प्रति प्रशन अङ्कभार | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत/बहुवैकल्पीक प्रशनहरु) प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत/ बहुवैकल्पीक प्रशनहरु | ३० मि. |
| विषयगत परीक्षा दोस्रो चरण | ३० | १२ | ६ | ५ | | |

**अर्न्तवार्ताको योजना**

१. शैक्षिक योग्यता वापत ८ अङ्क

विद्यालय सहयोगी कर्मचारी र बाल विकास सहज कर्तकोरुपमा सेवा प्रवेश गर्न तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तेस्रो र दोस्रो श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी ३ , द्धितिय श्रेणी २ तृतीय श्रेणी १ अङ्क ।

२. अन्तवार्ता वापत १२ अङ्क (व्यक्तित्व/आचरण -३, विषय वस्तुको ज्ञान-७ प्रस्तुतीकरण-२) तर अर्न्तवार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनु पर्ने भएमा त्यस्तो अङ्क दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्ने छ ।उ

**खण्ड (क) वस्तुगत प्रशनहरु (सामान्य ज्ञान)**

**पुर्णाङ्कः ४०** **उत्तीर्णङ्कः २०** **समयः ३० मि.**

| क.सं. | विषय वस्तु तथा क्षेत्र | प्रशन संख्या | प्रति प्रशनको अङ्क भार |
|---|---|---|---|
| १ | नेपालको भुगोल (भौगोलिक विविधता, स्थानीय तह, ताल, नदी, हिमाल) | ४ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | ३ | २ |
| ३ | पुर्व बाल्यवस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरु | ३ | २ |
| ४ | पाठ्यक्रमको परिचय, अवधारण र स्थानीय पाठ्क्रम | २ | २ |
| ५ | शैक्षिक संगठनः कक्षा शिक्षाण, वहुभाषिक शिक्षण, विषय शिक्षाण,मिश्रित शिक्षाण | ३ | २ |
| ६ | नेपालको संविधान (शिक्षा सम्वन्धी व्यवस्था) शिक्षा ऐन,२०..., शिक्षा नियमावली २०...... स्थानीय सरकार सञ्चालन ऐनले गरेको शिक्षा सम्वन्धी व्यवस्था र शिक्षा सम्वन्धी समसामगिक जानकारी | ५ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम**

पुणाङ्कः ३० उत्तिणाङ्कः १२ समयः १ घण्टा

| क.सं. | विषय वस्तुको क्षेत्र | प्रशन संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | प्रथामिक उपचारः परिचय, महत्व, पारिवारिक | १ वटा | ५ |

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनावाट वच्ने उपायहरु | | |
| २ | **विद्यालय समुदाय सम्वन्धः** विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योग्दान, विद्यालय समुदाय वीच सम्वन्ध | १ वटा | ५ |
| ३ | **व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाई:** व्यक्तिगत सरसफाई वातावरणीय सरसफाई, फोहर व्यवस्थापन | १ वटा | ५ |
| ४ | **स्थानीय पाठ्यक्रमः** परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था, स्थानीय स्तरका शिक्षण सामाग्रहरु | १ वटा | ५ |
| ५ | **बाल मनोविज्ञानः** अर्थ महत्व र आवश्यक्ता, पूर्व वाल्यावस्था, परिचय, विकासात्मक कार्य, विशेषताहरु, शाररीक र संवेगात्मक परिवर्तन तथा प्रभाव रुचिहरु, संकटहरु, पूर्व वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भुमिका | १ वटा | ५ |
| ६ | विद्यालय दिवा खाजा कार्यक्रम, विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको तरीका, दैनिक दिवा खाजा व्यवस्थापनका तरीका, दैनिक दिवा खाजा व्यवस्थापनका लागि स्थानिय स्तरमा उत्पदन हुने परीकारहरु आदि । | १ वटा | ५ |

<u>द्रष्टव्यः</u>

१. सामान्य परीक्षा (वस्तुगत, वहु वैकल्पीक प्रशनहरु) को लागि ३० मि. समय निंधारण गरीएको छ ।

२. विषयगत परीक्षको लागि १ घण्टा समय निंधारण गरिएको छ ।

३. सामान्य परीक्षा (वस्तुगत, वहु वैकल्पीक प्रशनहरु) का प्रशनको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तरु वपत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तरु नदिएमा अङ्क कट्टा गरिने छैन ।

४. यस पाठ्यक्रम अर्न्तगतका विषयमा जे सुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशेधन भएका वा संशेधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

५. सामान्य परीक्षा (वस्तुगत, वहु वैकल्पीक प्रशनहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलीत गराईनेछ ।

६. यो पाठ्यक्रम यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## अनुसुचि २

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

परिच्छेद ५ दफा २ सँग सम्वन्धीत

विद्यालयमा रीक्त हुने वाल विकास सहज कर्ताको नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम

**लिखित परीक्षाको योजना**

| विषय क्षेत्र | पूर्णाङ्क | उर्त्तीणाङ्क | प्रशन संख्या | प्रति प्रशन अङ्क भार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत वहुवैकल्पीक प्रशनहरु) प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत वहुवैकल्पीक | ३० मिनेट |
| विषयगत परिक्षा दोस्रो चरण | ४० | १६ | ८ | ५ | विषयगत विश्लेषणात्मक | १ घण्टा ३० मि. |

**अन्तर्वार्ताको योजना**

१. शैक्षिक योग्यता वापत ८ अङ्क

विद्यालय सहयोगी कर्मचारी र बाल विकास सहज कर्तकोरुपमा सेवा प्रवेश गर्न तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तेस्रो र दोस्रो श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी ३ , द्बितिय श्रेणी २ तृतीय श्रेणी १ अङ्क ।

२. अन्तवार्ता वापत १२ अङ्क (व्यक्तित्व/आचरण -३, विषय वस्तुको ज्ञान-७ प्रस्तुतीकरण-२) तर अर्न्तवार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनु पर्ने भएमा त्यस्तो अङ्क दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्ने छ ।

**खण्ड (क) वस्तुगत प्रशनहरु (सामान्य ज्ञान)**

पुर्णाङ्क ४० उर्त्तिणाङ्क २० समय: ३० मि.

| क.सं. | विषय वस्तु तथा क्षेत्र | प्रशन संख्या | प्रति प्रशनको अङ्क भार |
|---|---|---|---|
| १ | नेपालको भुगोल (भौगोलिक विविधता, स्थानीय तह, ताल, नदी, हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | शिक्षाको अर्थ, परिभाषा, उद्धेश्यहरु र कार्यहरु | २ | २ |
| ४ | **शिक्षा मनोविज्ञान:** अर्थ अवधारणा, आवश्यकता र महत्व | २ | २ |
| ५ | **मानव विकास:** वृद्धि र विकासात्मक कार्य, विशेषताहरु | २ | २ |
| ६ | **पूर्व बाल्यवस्था:** परिचय, विकासात्मक कार्य, विशेषताहरु | २ | २ |
| ७ | पाठ्यक्रमको परिचय, अवधारण र स्थानीय पाठ्यक्रम | २ | २ |
| ८ | **शैक्षणिक योजना:** अर्थ र आवश्यक्ता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षिक योजना, एकाई योजना र दैनिक पाठ योजना | २ | २ |
| ९ | **शैक्षिक सङ्गठन:** कक्षा शिक्षाण, वहुभाषिक शिक्षण, विषय शिक्षाण,मिश्रित शिक्षाण | २ | २ |
| १० | नेपालको संविधान (शिक्षा सम्वन्धी व्यवस्था) शिक्षा ऐन, २०..., शिक्षा नियमावली २०...... स्थानीय सरकार सञ्चालन ऐनले गरेको शिक्षा सम्वन्धी व्यवस्था र शिक्षा सम्वन्धी समसामयिक जानकारी | ३ | २ |

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

## विषयगत परीक्षाको पाठ्यक्रम

पुर्णाङ्कः ४० | उर्त्तिणाङ्कः १६ | समयः १ घण्टा ३० मि.

| क.सं. | विषय वस्तुको क्षेत्र | प्रशन संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | **शैक्षिक योजनाः** परिचय, आवश्यक्ता, निर्माण र प्रयोग (वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना, एकाई योजना, दैनिक पाठ्य योजना र दैनिक कार्यतालिका) कक्षा कोठा व्यवस्थापन (अवधारण र महत्व, कक्षा कोठाको वातावरण र बसाई व्यवस्थापन)। | १ वटा | ५ |
| २ | **शैक्षिक व्यवस्थापनः** कक्षा शिक्षाण, विषय शिक्षण, विषय शिक्षण र वहुकक्षा शिक्षाण, कक्षा कोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाई क्षमता, वौद्धिक र शारीरिक)। | | |
| ३ | **शैक्षिक सामाग्री र शैक्षिक सुधारः** शैक्षिक सामाग्रीको प्रकार र निर्माण, प्रथामिकता तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामाग्री निर्माण र प्रयोग। | १ वटा | |
| ४ | **विद्यालय समुदाय सम्वन्धः** विद्यालयको विकासमा समुदायको सहभागिता र दयित्व,समुदायको विकासमा विद्यालयको योग्दान, विद्यालय र समुदाय विच सम्वन्ध | | ५ |
| ५ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाई, फोहर व्यवस्थापन | १ वटा | |
| ६ | **प्राथमिक उपचारः** परिचय, महत्व, पारिवारीक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेलमैदान हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनावाट बच्ने उपाहरु | | ५ |
| ७ | **पाठ्यक्रमः** अर्थ,परिभाषा, महत्व, तत्वहरु, पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था | १ वटा | |
| ८ | **स्थानीय पाठ्यक्रमः** परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था। | | ५ |
| ९ | **बाल मनोविज्ञानः** अर्थ, क्षेत्र, आवश्यकक्ता र महत्व | १ वटा | |
| १० | **मानव वृद्धि र विकासः** वृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासका चरणहरु। | | ५ |
| ११ | **पुर्व बाल्यवस्थाः** परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पुर्व वाल्यवस्थाको विद्यार्थिको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भुमिका। | १ वटा | ५ |
| १२ | **सिकाईः** अर्थ, स्वरुप र शैलिहरु, परिपक्वता र सिकाई वीच अन्तर सम्वन्ध, स्वप्रतिविम्वन र सिकाई, सिकाईमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाई। | | |
| १३ | शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्वन्ध | १ वटा | |
| १४ | शैक्षणिक विधिको वर्गिकरण र प्रयोग शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्वन्ध | | ५ |
| १५ | **परीक्षा र मुल्यङ्कनः** परिक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा रस्तरीकृत परीक्षा, मुल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मुल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मुल्याङ्कनका विधि तथा प्रकृयाहरु। | १ वटा | ५ |
| १६ | मुल्याङ्कनका अन्य साधनहरुः अवलोकन, श्रेणी मापन, रुजु सुची,सञ्चित अभिलेख, घटनावृत अभिलेख र कार्य सञ्चयिका | | |

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

द्रष्टव्य:

१. सामान्य परीक्षा (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) को लागि ३० मि. समय निधारण गरीएको छ।

२. विषयगत परीक्षाको लागि १ घण्टा समय निंधारण गरिएको छ।

३. सामान्य परीक्षा (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) का प्रशनको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तरु वपत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तरु नदिएमा अङ्क कट्टा गरिने छैन।

४. यस पाठ्यक्रम अर्न्तगतका विषयमा जे सुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रमम परेको सम्झनु पर्दछ।

५. सामान्य परीक्षा (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलीत गराईनेछ।

६. यो पाठ्यक्रम यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

अनुसुचि ३

परिच्छेद ५ दफा ३ सँग सम्वन्धीत

विद्यालयमा रीक्त हुने विद्यलय सहायक कर्मचारी नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम:

**लिखित परीक्षाको योजना**

| विषय क्षेत्र | पुर्णाङ्क | उत्तीर्णाङ्क | प्रशन संख्या | प्रति अङ्कभार | प्रशनपरिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (वस्तुगत वहुवैकल्पीक प्रशनहरु) प्रथम चरण | ४० | २० | २० | २ | वस्तुगत वहुवैकल्पीक | ३० मिनेट |
| विषयगत परिक्षा दोस्रो चरण | ४० | १६ | ८ | ५ | विषयगत विश्लेषणात्मक | १ घण्टा ३० मि |

**अन्तर्वार्ताको योजना**

१. शैक्षिक योग्यता वापत ८ अङ्क

विद्यालय सहयोगी कर्मचारी र बाल विकास सहज कर्तकोरुपमा सेवा प्रवेश गर्न तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तेस्रो र दोस्रो श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी ३ , द्धितिय श्रेणी २ तृतीय श्रेणी १ अङ्क।

२. अन्तवार्ता वापत १२ अङ्क (व्यक्तित्व/आचरण -३, विषय वस्तुको ज्ञान-७ प्रस्तुतीकरण-२) तर अर्न्तवार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनु पर्ने भएमा त्यस्तो अङ्क दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्ने छ।

**खण्ड क वस्तुगत प्रशनहरु (सामान्य ज्ञान)**

पुणाङ्क ४० उर्त्तिणाङ्क २० समय: ३० मि.

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

| क.सं. | विषय वस्तु तथा क्षेत्र | प्रशन संख्या | प्रति प्रशनको अङ्क भार |
|---|---|---|---|
| १ | नेपालको भुगोल (भौगोलिक विविधता, स्थानीय तह, ताल, नदी, हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | शिक्षाको अर्थ, परिभाषा, उद्धेश्यहरु र कार्यहरु | २ | २ |
| ४ | शिक्षा मनोविज्ञानः अर्थ अवधारणा, आवश्यकता र महत्व | २ | २ |
| ५ | मानव विकासः वृद्धि र विकासात्मक कार्य, विशेषताहरु | २ | २ |
| ६ | पुर्व बाल्यवस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरु | २ | २ |
| ७ | पाठ्यक्रमको परिचय, अवधारण र स्थानीय पाठ्क्रम | २ | २ |
| ८ | शैक्षणिक योजनाः अर्थ र आवश्यक्ता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षिक योजना, एकाई योजना र दैनिक पाठ योजना | २ | २ |
| ९ | शैक्षिक संगठनः कक्षा शिक्षाण, वहुभाषिक शिक्षण, विषय शिक्षाण,मिश्रित शिक्षाण | २ | २ |
| १० | नेपालको संविधान (शिक्षा सम्वन्धी व्यवस्था) शिक्षा ऐन, २०..., शिक्षा नियमावली २०...... स्थानीय सरकार सञ्चालन ऐनले गरेको शिक्षा सम्वन्धी व्यवस्था र शिक्षा सम्वन्धी समसामयिक जानकारी | ३ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम**

**पूर्णाङ्कः ४०** **उर्त्तिणाङ्कः १६** **समयः १ घण्टा ३० मि.**

| क.सं. | विषय वस्तुको क्षेत्र | प्रशंन संख्या | अङ्भार |
|---|---|---|---|
| १ | **शैक्षिक योजनाः** परिचय, आवश्यक्ता, निर्माण र प्रयोग (वर्षिक कार्य, तालिका, वार्षिक शैक्षिक योजना, एकाई योजना, दैनिक पाठ्य योजना र दैनिक कार्यतालिका) कक्षाकोठा व्यवस्थापन (अवधारण र महत्व, कक्षाकोठाको वातावरण र बसाई व्यवस्थापन)। | १ वटा | ५ |
| २ | **शैक्षिक व्यवस्थापनः** कक्षा शिक्षाण, विषय शिक्षण, विषय शिक्षण र वहुकक्षा शिक्षाण, कक्षा कोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाई क्षमता, वौद्धिक र शारीरिक)। | | |
| ३ | **शैक्षिक सामाग्री र शैक्षिक सुधारः** शैक्षिक सामाग्रीको प्रकार र निर्माण, प्रथामिकता तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामाग्री निर्माण र प्रयोग। | १ वटा | ५ |
| ४ | **विद्यालय समुदाय सम्वन्धः** विद्यालयको विकासमा समुदायको सहभागिता र दयित्व,समुदायको विकासमा विद्यालयको योग्दान, विद्यालय र समुदाय विच सम्वन्ध | | |
| ५ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाई, फोहर व्यवस्थापन | १ वटा | ५ |
| ६ | **प्राथमिक उपचारः** परिचय, महत्व, पारिवारीक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदान हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनावाट बच्ने उपायहरु | | |
| ७ | **पाठ्यक्रमः** अर्थ,परिभाषा, महत्व, तत्वहरु, पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था | १ वटा | ५ |
| ८ | स्थानीय पाठ्यक्रमः परीचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्वन्धमा भएको व्यवस्था | | |

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ९ | **बाल मनोविज्ञान**: अर्थ, क्षेत्र, आवश्यकत्ता र महत्व | १ वटा | |
| १० | **मानव वृद्धि र विकास**: वृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासका चरणहरु | | ५ |
| ११ | **पूर्व बाल्यवस्था**: परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पुर्व बाल्यवस्थाको विद्यार्थिको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भुमिका | १ वटा | ५ |
| १२ | **सिकाई**: अर्थ, स्वरुप र शैलिहरु, परिपक्वता र सिकाई बीच अन्तर सम्वन्ध, स्वप्रतिविम्वन र सिकाई, सिकाईमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाई | | |
| १३ | शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्वन्ध | १ वटा | |
| १४ | शैक्षणिक विधिको वर्गिकरण र प्रयोग शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्वन्ध | | ५ |
| १५ | **परीक्षा र मुल्याङ्कन**: परिक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मुल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मुल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मुल्याङ्कनका विधि तथा प्रकृयाहरु | १ वटा | ५ |
| १६ | **मुल्याङ्कनका अन्य साधनहरु**: अवलोकन, श्रेणीमापन, रुजु सुची,सञ्चित अभिलेख, घटनावृत अभिलेख र कार्य सञ्चयिकरण | | |

**द्रष्टव्य:**

१. सामान्य परीक्षा (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) को लागि ३० मि. समय निंधारण गरीएको छ।

२. विषयगत परीक्षाको लागि १ घण्टा ३० मिनेट समय निंधारण गरिएको छ।

३. सामान्य परीक्षा (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) का प्रशनको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तरु वपत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

४. यस पाठ्यक्रम अर्न्तगतका विषयमा जे सुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशेधन भएका वा संशेधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रमम परेको सम्झनु पर्दछ।

५. सामान्य परीक्ष (वस्तुगत, वहुवैकल्पीक प्रशनहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलीत गराईनेछ।

६. यो पाठ्यक्रम यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीकरण मिति: २०८०।०२।०७

आज्ञाले

नामः विरेन्द्र मल्ल

प्रमुख प्रशासकिय अधिकृत